# सुन्दरहरैंचा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय
## विराटचौक, मोरङ
## प्रदेश नं. १, नेपाल

# वैदेशिक रोजगार तथा श्रम नीति २०७८

केहि बर्षदेखि नेपाली युवाहरुले प्राप्त गरेको रोजगारी, नेपालमा प्राप्त विप्रेषण र नेपालीहरुको जीविकोपार्जनमा विप्रेषणको योगदानले नेपाल वैदेशिक रोजगारमा बढी नै निर्भर हुदै गएको पुष्टि हुन्छ। यस नगरपालिकाबाट पनि ठूलो संख्यामा युवाहरु कामको खोजिमा विभिन्न मुलुक जाने गरेका छन्। वैदेशिक रोजगारीको कारणले नेपालीहरुको शिक्षा, स्वास्थ्य लगायत दैनिक जीवनयापनमा केही सहजता ल्याएको यथार्थता हुँदा हुदै पनि युवाहरु बाध्यकारी रुपमा वैदेशिक रोजगारीमा जानु पर्ने अवस्थाले गर्दा पारिवारिक विखण्डन, आन्तरिक उत्पादनमा ह्रास, विकास निर्माणमा जनशक्तिको अभाव, सामाजिक तथा साँस्कृतिक विचलनहरु बढ्दै गएको यथार्थता रहेको छ। यस्तो परिस्थितिमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार बीचको प्रभावकारी समन्वय तथा सहकार्यमा निजी क्षेत्र, अन्तर्राष्ट्रिय संघसंस्था, गैरसरकारी संस्था तथा आम सरोकारवालाहरुको सहभागितामा आन्तरिक रोजगारी सिर्जना गर्दै वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुको सीप, ज्ञान र पुँजी स्वदेशमा नै व्यवस्थापन तथा परिचालन गर्नको लागि आगामी दिनमा स्पष्ट नीति तथा कार्ययोजनाका साथ अघि बढ्नु अपरिहार्य देखिन्छ। यसै सन्दर्भमा यस नगरपालिकाले वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई आफ्नै समुदाय तथा देशमा रोजगार वा स्वरोजगार अभिवृद्धि गर्दै उनिहरुको दिगो पुनःएकीकरण गर्नको लागि नेपालको संविधानको अनुसूचिः ८ को स्थानीय तहको अधिकारको सूचि र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित प्रावधान अनुसार यो वैदेशिक रोजगार तथा श्रम नीति, २०७८ निर्माण गरिएको छ।

## १. दिर्घकालीन सोच

सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचनामा पहुँच अभिवृद्धि गर्दै फर्केर आएका आप्रवासी कामदारहरुको सिप, ज्ञान र पुँजीको उपयोग गर्दै दिगो पुनःएकीकरण गर्ने।

## २. लक्ष्य

क) नगरपालिका भित्रै रोजगार तथा उद्यमशीलताको अवसरहरुको सृजना गरी वैदेशिक रोजगारीलाई बाध्यात्मक नभई असवरको रुपमा प्रयोग गर्ने अवस्थाको निर्माण गर्ने।

ख) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई आन्तरिक रोजगार सिर्जना हुने कार्यहरुमा संलग्न गराउने।

ग) वैदेशिक रोजगारबाट फर्केपछि परिवार र समाजमा आर्थिक, सामाजिक र मनोसामाजिक रुपमा पुनःएकीकरण भई सहज जीवनयापन गर्न सम्बन्धित निकायहरुबीच सहकार्य, समन्वय तथा सहजिकरण गर्ने।

## ३. उदेश्य

उपयुक्त लक्ष्य हासिल गर्नका लागि देहाय बमोजीमका हरु लिईएको छ।

१. आन्तरिक रोजगारीको सिर्जना र प्रवर्द्धन गरी बाध्यात्मक रुपमा वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको संख्या क्रमशः कम गर्नु।

२. वैदेशिक रोजगारीबाट प्राप्त आम्दानी, अनुभव र सिपलाई उत्पादनमूलक कार्यमा लगाई स्व/रोजगारी सिर्जना गर्नु।

३. उद्देश्य १ र २ प्राप्त गर्नको लागि सम्बन्धित निकायहरुबीच सहकार्य, समन्वय तथा सहजिकरण गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नु।

## ४. रणनीति तथा कार्यनीति

माथि उल्लेखित लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि देहायका रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

### ४.१ उद्देश्य ३.१ को रणनीति तथा कार्यनीति

३.१ मा उल्लिखित आन्तरिक रोजगारीको सिर्जना र प्रवर्द्धन गरी बाध्यात्मक रुपमा वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको संख्या क्रमशः कम गर्नु " उद्देश्य हासिल गर्न निम्न रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

#### ४.१.१ रणनीति

क) आन्तरिक रोजगारीको अवसरले मात्र बाध्यात्मक वैदेशिक रोजगारीलाई कम गर्ने हुँदा सम्बन्धित सरकारी निकाय, गैरसरकारी तथा निजी क्षेत्रसँग सहकार्य गरी आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्ने ।

ख) स्थानीय स्तरमा उपलब्ध स्रोत, साधन, अवसर तथा सम्भावनाहरुको बारेमा अनुशिक्षण तथा परामर्श कार्यक्रमहरुको माध्यमबाट जानकारी प्रदान गरी स्वदेशका अवसरहरु उपयोग गर्न अनुकूल वातावरण तयार गर्ने ।

ग) स्थानीय स्रोत साधनको पहिचान, त्यसको अधिकतम परिचालन, व्यवसाय संचालनका लागि अनुकूल कानूनी तथा संरचनागत व्यवस्थाको निर्माण, बजार प्रवर्द्धन तथा लगानीका लागि स्रोत उपलब्ध गराउन सरकारी, गैरसरकारी, निजी, अन्तराष्ट्रिय संस्था तथा सहकारी क्षेत्रले संयुक्त प्रयत्न गर्ने ।

घ) सरकारका विभिन्न निकायहरुले सञ्चालन गर्ने विकास निर्माण लगायतका कार्यहरुमा वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई परिचालन गर्ने तथा यस्ता जनशक्तिलाई परिचालन गर्ने उद्यम तथा कलकारखानाहरुलाई विभिन्न किसिमका प्रोत्साहन प्रदान गर्ने ।

ङ) वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरुलाई औद्योगिक प्रतिष्ठान, सरकारी निकाय तथा निजी क्षेत्रहरुमा प्राथमिकताका साथ रोजगारी प्रदान गर्ने ।

#### ४.१.२ कार्यनीति

क) वैदेशिक रोजगारबाट फर्केका आप्रवासी कामदार, उनीहरुको अनुभव र सिपको लगत संकलन तथा अध्यावधिक गरिनेछ ।

ख) आन्तरिक रोजगारी सिर्जना गर्ने निकायहरुको पहिचान, लगत संकलन र उपलब्ध रोजगारीका अवसरको नियमित र अध्यावधिक विवरणहरु धेरैभन्दा धेरै व्यक्तिले पाउन सक्ने गरी सार्वजनिक पद्धतिको विकास गरिनेछ ।

ग) औद्योगिक प्रतिष्ठान तथा निजी क्षेत्रले उपलब्ध गराउन सक्ने रोजगारीको विवरण लिई उक्त पदको लागि वैदेशिक रोजगारीबाट फर्किएका दक्ष जनशक्तिहरु भएमा सिफारिस गरिनेछ ।

घ) नगरपालिका तहमा श्रम बजारको अध्ययन गरी माग भए अनुसारका दक्ष जनशक्तिहरु उत्पादन गर्नको लागि बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु तथा वैदेशिक रोजगारमा रहेका कामदारका परिवारहरुका लागि सीपमूलक तालिम संचालन गरिनेछ ।

ङ) बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरु, वैदेशिक रोजगारमा रहेका कामदारका परिवारहरु र नगरपालिका तहमा रोजगारीको खोजीमा रहेका युवाहरुलाई लक्षित गरी आन्तरिक रोजगारीका अवसर, उद्यमशिलताको सम्भावना, आन्तरिक बजार तथा स्रोत साधनको उपलब्धताको

सम्बन्धमा जानकारी दिन पेशागत विज्ञबाट स्थानीय रोजगारी तथा व्यवसायिक अनुभव सम्बन्धी कक्षाहरु सञ्चालन गरिनेछ ।

च) रोजगार सिर्जना एवम् उद्योग स्थापना तथा सञ्चालन गर्न वैदेशिक रोजगारबाट फर्किएका ईच्छुक व्यक्तिलाई सरकारी, गैरसरकारी तथा निजी क्षेत्रले स्रोत, सूचना तथा अनुभव प्रदान गरी सहयोग गर्न आवश्यक संरचनागत व्यवस्था गरिनेछ । बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले कृषि उद्यमी हुन चाहेमा सोको लागि आवश्यक पर्ने वातावरण सृजना गरिने छ ।

छ) बैदेशिक रोजगारीबाट फर्किएका (दक्ष) जनशक्तिलाई परिचालन गर्ने निजी क्षेत्र, औद्योगिक प्रतिष्ठानलाई विभिन्न प्रकारले प्रोत्साहन गरिनेछ ।

ज) आन्तरिक श्रम बजारमा जनशक्ति उपलब्ध हुँदासम्म नगरपालिका भित्रको जनशक्तिलाइ परिचालन गर्ने ।

## ४.२ उदेश्य ३.२ को कार्यनीति

उद्देश्य ३.२ मा उल्लिखित “वैदेशिक रोजगारबाट प्राप्त आम्दानी, अनुभव तथा सिपलाई उत्पादनमूलक कार्यमा लगाई स्व/रोजगारी सिर्जना गर्नु” उद्देश्य हासिल गर्न निम्न रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

### ४.२.१ रणनीति

क) वैदेशिक रोजगारबाट प्राप्त प्रतिफलको अभिलेख सार्वजनिक गर्ने र त्यसबाट स्थानीय तहले लिन सक्ने लाभ पहिचान गर्ने ।

ख) वैदेशिक रोजगारबाट प्राप्त आर्थिक तथा सामाजिक पूँजीलाई उत्पादनमूलक कार्यमा लगाउनुका साथै ज्ञान र सिपको उपयोगका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।

ग) वैदेशिक रोजगारबाट प्राप्त पूँजीलाइ नगरपालिका स्तरमा ठूला र प्रतिफलयुक्त आयोजनामा परिचालन गर्न प्रोत्साहन हुने गरी श्रमिकलाई उद्यमशिल हुन र लाभ प्राप्त गर्न सक्ने अवस्था निर्माण गर्ने ।

घ) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई सामुहिक लागानी गर्न प्रोत्साहन गर्ने र गरेको लगानीमा साझेदारिता/सहयोग गर्न सार्वजनिक तथा निजी क्षेत्रलाई प्रोत्साहित गर्न आवश्यक प्रयत्न गर्ने ।

### ४.२.२ कार्यनीति

क) आप्रवासी श्रोत केन्द्र र रोजगार सूचना केन्द्रलाई परिचालन गरी वैदेशिक रोजगारबाट फर्केका आप्रवासी कामदारले प्राप्त गरेको सिप, अनुभव र प्रविधिको अभिलेखीकरण तथा विश्लेषण गरिनेछ ।

ख) वैदेशिक रोजागारमा जानुभन्दा पहिला उनिहरुलाई वित्तीय साक्षरता तालिम प्रदान गरिनेछ, जसले प्राप्त आम्दानीको सदुपयोग गर्ने ज्ञान प्राप्त भई आम्दानीलाई उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न प्रेरित गर्नेछ । यस्ता किसिमका वित्तिय साक्षरता तालिम वैदेशिक रोजगारमा रहेका कामदारका परिवारहरुलाइ पनि दिइनेछ ।

ग) वैदेशिक रोजगारमा रहेका कामदारका परिवारले वैदेशिक रोजगारबाट प्राप्त गरेको विप्रेषणलाई उद्यम व्यवसायमा लगानी गर्न प्रोत्सान गरिनेछ तथा लगानीका लागि आवश्यक पर्ने वातावरण

सृजना गरिने छ। यसका लागि व्यवसायको सम्भाव्यता अध्ययन, उद्यमशिलता तथा सिप विकास तालिम प्रदान गरिनेछ।

घ) आफ्नो व्यवसाय सञ्चालन गर्न पूँजी अभाव भएमा उपलब्ध बैंक तथा वित्तीय संस्थाहरुबाट सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन सहजीकरण गरिनेछ।

ङ) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरु वा वैदेशिक रोजगारमा रहेका व्यक्तिको परिवारले सञ्चालन गरेका व्यवसायबाट उत्पादित वस्तु तथा सेवा भण्डारण, ढुवानी तथा बिक्रिमा सहजता ल्याउन ग्रामिण सडकको विस्तार, शितगृह, संकलन केन्द्र तथा बजार उपलब्ध गराउन आवश्यक सहयोग उपलब्ध गराइनेछ।

च) वैदेशिक रोजगारबाट फर्केर आएका तथा वैदेशिक रोजगारमा रहेका व्यक्तिको परिवारले वैदेशिक रोजगारबाट प्राप्त आम्दानीको लगानी गरी सामूहिक रुपमा कुनै व्यवसाय सञ्चालन गर्न चाहेमा त्यसमा प्राविधिक, वित्तीय तथा अन्य सहयोग विशेष प्राथमिकता साथ प्रदान गरिनेछ । यसैगरी वैदेशिक रोजगारीबाट फर्किएर व्यवसाय गरिरहेका मध्ये उत्कृष्ट व्यवसायीहरुलाई वार्षिक रुपमा नमूना उद्यमी पुरस्कार प्रदान गरिनेछ।

छ) बैदेशिक रोजगारीमा रहेका, फर्केका व्यक्तिहरु र तिनका परिवारलाई सहयोग पुऱ्याउने उद्देश्यले एउटा कोष स्थापना गरिनेछ। वैदेशिक रोजगारबाट पीडित व्यक्ति र समस्यामा परेका तिनका परिवार तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सहयोग तथा उद्यमशीलताका लागि कोषको उपयोग गर्न सकिनेछ। सो कोष संचालनका लागि छुट्टै कार्यविधि बनाइनेछ।

ज) वैदेशिक रोजगारबाट प्राप्त आम्दानीबाट सञ्चालित उद्योग, व्यापार व्यवसायमा विभिन्न प्रकारका कर तथा गैरकर छुट प्रदान गरिनेछ।

झ) वैदेशिक रोजगारमा आवद्ध व्यक्ति तथा तिनका परिवारलाई वित्तिय सहयोग गर्न उनिहरुको समेत लगानीमा कृषि तथा पर्यटन सहकारीको स्थापनाका लागि पहल गरिनेछ।

ञ) नगरपालकिाले भारत जाने कामदारको लागि परिचय पत्र उपलब्ध गराउनेछ । भारतबाट फर्केपछि कामदारको विवरण अध्यावधिक गर्ने व्यवस्था क्रमशः लागू गरिनेछ।

ट) स्थानीयतहसँग रहेका लगत तथा सूचनालाई एकिकृत गरी डिजिटलाइज्ड कम्प्यूटर सफ्टवेयर निर्माण गरी सूचना तथा तथ्यांक संग्रह गर्ने र उक्त सूचनामा संघीय सरकार र प्रदेश सरकारको पनि पहुँच पुग्ने व्यवस्था मिलाइनेछ। यस्तो सफ्टवेयर तयार गर्न तथा आवश्यक सहयोग उपलब्ध गराउन प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गरिनेछ।

### ४.३ उद्धेश्य ३.३ को रणनीति तथा कार्यनीति

उद्देश्य ३ मा उल्लिखित “उद्देश्य १ र २ प्राप्त गर्नको लागि सम्बन्धित निकायहरुबीच सहकार्य, समन्वय तथा सहजिकरण गरी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नु” उद्देश्य हासिल गर्न निम्न रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ ।

#### ४.३.१ रणनीति

क) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरु तथा तिनका परिवारको हक हितको संरक्षण तथा संवर्द्धनका लागि उनीहरुको सञ्जाल निर्माणलाई प्रोत्साहित गर्ने ।

ख) सुरक्षित वैदेशिक रोजगार तथा दिगो पुनःएकीकरण सम्बन्धी सूचना प्रवाह, अनुगमन, नियमन, ठगि नियन्त्रण र वैदेशिक रोजगार तथा पुनःएकीकरण सम्बन्धी विविध गतिविधिहरुमा फर्केका व्यक्तिहरु तथा वैदेशिक रोजगारमा रहेका व्यक्तिका परिवारको संगठनलाई परिचालन गर्ने ।

ग) पुनःएकीकरण सम्बन्धि विविध कार्यक्रमहरु दिगो बनाउन संघीय सरकार, प्रदेश सरकार तथा गैर सरकारी, अन्तरार्ष्ट्रिय संस्थाहरु र निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गर्ने ।

#### ४.३.२ कार्यनीति

क) वैदेशिक रोजगारमा रहेका व्यक्तिहरु र तिनका परिवारको सुरक्षा तथा सशक्तिकरणमा काम गर्नका लागि वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरु तथा वैदेशिक रोजगारसँग आवद्ध परिवारका सदस्यहरु संलग्न हुने गरी वडा तथा नगरपालिका स्तरीय सञ्जाल निर्माणमा सहयोग तथा सहजिकरण गरिनेछ ।

ख) वैदेशिक रोजगारमा रहेका तथा फर्केका व्यक्ति र तिनका परिवारका संजालहरु आफु संगठित भएको स्थानीय तहमा सूचिकृत हुनेछन् ।

ग) यस्ता संजालको निर्माण, सञ्चालन तथा व्यवस्थापनमा नगरपालिकाको तर्फबाट प्रशासनिक तथा प्राविधिक सहायता प्रदान गरिनेछ ।

घ) वैदेशिक रोजगारमा हुने ठगी नियन्त्रण, वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह, तथ्यांक संकलन जस्ता कार्यहरुमा नगरपालिकाले यस्ता संजाललाई परिचालन गर्ने व्यवस्था गरिनेछ ।

ङ) वित्तीय साक्षरता, परामर्श सेवा जस्ता क्रियाकलापहरु र वैदेशिक रोजगारीका चुनौती तथा अवसरको बारेमा जानकारी गराउन वैदेशिक रोजगारबाट फर्केका व्यक्तिलाई स्वयंसेवकका रुपमा परिचालन गरिनेछ ।

च) वैदेशिक रोजगार तथा समग्र नीति निर्माण र विकास गतिविधिहरुलाई सहजिकरण गर्न गठन गरिने समिति तथा कार्यदलमा आवश्यकता अनुसार वैदेशिक रोजगारसँग सम्बन्धित सञ्जालका प्रतिनिधिहरुलाई सहभागिता गराइनेछ ।

छ) संघ र प्रदेशले संचालन गर्ने बैदेशिक रोजगार तथा पूनःएकीकरण सम्बन्धी कार्यक्रम कार्यन्वयनमा आप्रवासन स्रोत केन्द्र, रोजगार सूचना केन्द्रलाइ परिचालन गरिनेछ ।

ज) आप्रवासी श्रोत केन्द्र, स्थानीय परामर्शदाता, सामाजिक परिचालक, सहजकर्ता, स्वयंसेवक, नागरिक अगुवा आदिको सहयोगमा सुरक्षित वैदेशिक रोजागारी र पुनःएकीकरण सम्बन्धी

तथ्यपरक सूचना तथा जानकारी गराइनेछ । अनधिकृत सूचना प्रवाह गर्ने व्यक्तिलाई कानूनको दायरामा ल्याउन आवश्यक पहल गरिनेछ ।

## ५. नीतिको प्रभावकारी कार्यान्वयन

### ५.१ संस्थागत व्यवस्था

पुनःएकीकरण नीति अन्तर सम्बन्धित क्षेत्र भएकाले यो नीति कार्यान्वयनमा सहजता ल्याउन सबैको संलग्नता रहने गरी निम्न बमोजिमको संस्थागत व्यवस्था गरिनेछ ।

क) नीति कार्यान्वयनको समग्र व्यवस्थापन नगरपालिकाले गर्नेछ। यस नीतिको समन्वय तथा नीतिगत निर्देशनका लागि नगरपालिका प्रमुखको संयोजकत्वमा सरोकारवाला निकाय तथा विषयगत शाखाका कर्मचारीहरु सदस्य रहने गरी नीति समन्वय तथा निर्देशन समिति गठन गरिनेछ। उक्त गठित समितिले सरोकारवाला निकायविच समन्वय गर्ने, नीतिगत मार्गदर्शन गर्ने, स्रोत परिचालनमा समन्वय गर्ने जस्ता कार्य गर्नेछ। यस समितिको बैठक कम्तिमा प्रत्येक ६ महिनामा बस्नेछ। सो बैठकमा वार्षिक रुपमा नगरपालिकाको वैदेशिक रोजगार तथा पुनःएकीकरण सम्बन्धी अवस्था र प्रगतिबारे समिक्षा र भावी रणनीति तय गरिनेछ ।
यस समितिमा निम्न अनुसारको पदाधिकारी रहने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| संयोजकः | नगरपालिका प्रमुख |
| सदस्यः | नगरपालिका उप-प्रमुख |
| सदस्यः | सामाजिक विकास समिति |
| सदस्यः | आर्थिक विकास समिति |
| सदस्यः | कार्यपालिका सदस्य मध्येबाट १ जना महिला सदस्य |
| सदस्यः | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ |
| सदस्यः | प्रतिनिधि, नगरपालिकामा रहेका बैंक तथा वित्तीय संस्था |
| सदस्य सचिवः | प्रमुख प्रशासकीय अधिकृत |

ख) नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सरोकारवाला शाखा तथा कर्मचारीहरु सदस्य रहने गरी नीति कार्यान्वयन तथा अनुगमन समिति गठन गरिनेछ। यस समितिले नियमित अनुगमन गर्ने, साझेदारहरु परिचालन गर्ने र आवश्यक सुझाव प्रदान गर्ने गरी गठित समितिलाई आवश्यक सहयोग प्रदान गर्नेछ। यस समितिको बैठक कम्तिमा प्रत्येक ४ महिनामा बस्नेछ। सो समितिमा निम्न अनुसारको पदाधिकारी रहने व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| संयोजकः | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्यः | सामाजिक विकास शाखा |
| सदस्यः | आर्थिक विकास शाखा |
| सदस्यः | रोजगार संयोजक |

| | |
|---|---|
| सदस्यः | वैदेशिक रोजगारबाट फर्केर आएकाहरुको संस्था वा वैदेशिक रोजगारको क्षेत्रमा काम गरिरहेको संस्थाका प्रतिनिधि १ जना |
| सदस्य सचिवः | आप्रवासन स्रोत केन्द्रको कर्मचारी १ जना |

ग) नगरपालिका आप्रवासी श्रोत केन्द्रलाई दिगो, प्रभावकारी र स्थायित्व प्रदान गर्न संघीय सरकार र प्रदेश सरकारको सम्बन्धित निकायहरुसँगको समन्वयमा आप्रवासी श्रोत केन्द्र सञ्चालन कार्यविधि निर्माण गरी कार्यपालिकाबाट पारित गरिनेछ। यस नीति कार्यान्वयनमा सहजिकरण र वैदेशिक रोजगार व्यवस्थापन गर्न वैदेशिक रोजगार तथा पुनःएकीकरण व्यवस्थापन शाखा स्थापना गरी सोको नेतृत्व आप्रवासी स्रोत केन्द्रले गर्नेछ।

घ) वैदेशिक रोजगार तथा पुनःएकीकरण सम्बन्धि सरकारी, नीजि तथा गैर सरकारी माध्यमबाट नगरपालिका स्तरमा आएका सम्पूर्ण कार्यक्रमलाई समन्वयमा संचालन गरिनेछ।

## ५.२. नीति कार्यान्वयनको योजना र वित्तीय व्यवस्थापन

क) नगरपालिकाको समष्टिगत आर्थिक नीतिको एक महत्वपूर्ण पक्षको रुपमा यस वैदेशिक रोजगार तथा पुनःएकीकरण नीतिलाई ग्रहण गरी रोजगारी व्यवस्थापनको एक आधारको रुपमा यस नीतिको कार्यान्वयन गरिनेछ।

ख) आन्तरिक रोजगारी सिर्जना गर्ने अन्य क्षेत्रगत नीति कार्यान्वयन गर्दा यस नीतिका आधारभूत विषयलाई आत्मसात् गरिनेछ।

ग) नीति कार्यान्वयन गर्नका लागि नगरपालिकाबाट नीति पारित भएको ३ महिनाभित्र नीति कार्यान्वयन कार्ययोजना पारित गरी नीति कार्यान्वयनलाई सुनिश्चित गरिनेछ। उक्त नीति कार्यान्वयन कार्ययोजनालाई यसै नीतिको अभिन्न अंगको रुपमा लिइनेछ।

घ) नीति कार्यान्वयन गर्न आवश्यक स्रोत साधनको व्यवस्था नगरपालिकाले सम्वद्ध पक्षसँगको सहकार्यमा मिलाउनेछ।

ङ) निजी क्षेत्र, विकास साझेदार, नागरिक समाज वा सम्बन्धित सरोकारवालाको संलग्नता तथा सहयोगमा नीति कार्यान्वयनका लागि वित्तीय व्यवस्थापन गरिनेछ।

## ५.३. अनुगमन तथा मुल्यांकन

नीति कार्यान्वयनको अनुगमन तथा मूल्यांकन देहाय अनुसार हुनेछ।

क) नीति कार्यान्वयन, प्रभावकारिता र उपलब्धी सम्बन्धी दृष्टिकोणलाई नीतिको अनुगमन तथा मूल्यांकनको मुख्य आधारका रुपमा लिइनेछ।

ख) अनुगमन कार्यलाई नतिजामूलक बनाउन नतिजा अनुगमन सूचकको प्रयोग गरिनेछ।

ग) नीति कार्यान्वयन, अनुगमन तथा मूल्यांकन कार्यलाई व्यवस्थित गर्न प्रविधिमा आधारित सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ।

घ) नीति कार्यान्वयनको समीक्षा प्रत्येक आर्थिक वर्षको अन्तिममा गरिनेछ। समीक्षा कार्यक्रममा बैदेशिक रोजगार, पुनःएकीकरण र आन्तरिक स्वरोजगारको क्षेत्रमा काम गर्ने सबै निकायलाई सहभागी गराइनेछ।